हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः५ | संख्याः ११ | प्रमाणिकरण मितिः २०७९/१२/०७

भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

## लैङ्गिक हिंसा व्यवस्थापन कार्यविधि, २०७९

प्रस्तावनाः

लैङ्गिक हिंसा पिडित/प्रभावित व्यक्तिको मानवअधिकारको संरक्षण तथा दिगो पुनःस्थापना गर्न, हिंसाको रोकथाम, प्रवर्धनात्मक कार्य, सहयोगका साथै न्यायमा पहुँच बढाउने कार्यका लागि जीतपरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद छ अन्तर्गत दफा २४ को उपदफा (१), (२) र (३) को (च), (छ), (झ) मा भएको व्यवस्था पूरा गर्न सोही ऐनको दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी जीतपरसिमरा उपमहानगरपालिकाकाद्वारा "लैङ्गिक हिंसा व्यवस्थापन कार्यविधि, २०७९" बनाई जारी गरिएको छ ।

### परिच्छेद एक
### सक्षिप्त नाम र प्रारम्भ

१. सक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा महिला, बालबालिका वा अन्य व्यक्तिलाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पिडा पुर्याउने कार्य सम्झनु पर्छ । सो शब्दले लिङ्गको आधारमा हुने वा

हुनसक्ने कुनैपनि प्रकारको अपमानजन्य, पिडाजन्य, धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिला, बालबालिका वा अन्य व्यक्तिलाई अधिकार र स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कार्य समेत सम्झनुपर्छ ।

(२) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(३) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

(४) "कार्यविधि" भन्नाले "लैङ्गिक हिंसा व्यवस्थापन कार्यविधि, २०७९" सम्झनु पर्छ ।

(५) "प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(६) "उपप्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

(७) "कार्यालय" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(८) "योगदानमा आधारित पुनरस्थापना कोष" भन्नाले लैङ्गिक हिंसा पिडित/प्रभावितहरुको तत्काल उद्धार, पुनःस्थापना, कानुनी सहायता, उपचार, शिक्षा, मनोविमर्श सेवा लगायत सीप विकास तालिमका साथै जीविकोपार्जनका लागि उपलव्ध गराउने गरी स्थापना गरिएको पुनःस्थापना कोष सम्झनु पर्दछ ।

(९) "साझेदार संस्था" भन्नाले लैङ्गिक हिंसा पिडित/प्रभावितहरुका लागि संरक्षण र पुनःस्थापनाका लागि संघसस्था दर्ता ऐन बमोजिम दर्ता भएका संस्थाहरुलाई सम्झनु पर्छ ।

(१०) "पुनःस्थापना केन्द्र" भन्नाले स्वीकृत प्राप्त सामाजिक संघसस्थाद्धारा उपमहानगर क्षेत्रमा लैङ्गिक हिंसा पीडित तथा प्रभावितका लागि सञ्चालनमा रहेका संरक्षण गृह सम्झनु पर्छ ।

(११) "अल्पकालीन आश्रय" भन्नाल लैङ्गिक हिंसाबाट पिडित/प्रभावितहरुको तत्काल उद्धार, पुनःस्थापना, कानुनी साहयता, उपचार, शिक्षा, मनोविमर्श सेवा, न्यायिक पहुँच लगायतका सेवा प्रदान गर्ने क्रममा पीडित/प्रभावितको सुरक्षार्थ स्थापित भएका संस्थाद्धारा सञ्चालित संरक्षण गृहलाई सम्झनु पर्छ ।

(१२) "सल्लाहाकार समिति" भन्नाले नगरपालिकाको प्रमुखको संयोजकत्वमा गठन भएको समितिलाई सम्झनु पर्छ ।

(१३) "लैङ्गिक हिंसा निवारण व्यवस्थापन समिति" भन्नाले नगरपालिकाको उप-प्रमुखको संयोजकत्वमा गठन भएको समितिलाई सम्झनुपर्छ ।

(१४) "अनुगमन" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका एवम् व्यवस्थापन समितिले सम्बन्धित प्रभावित तथा पीडितलाई उपलव्ध सेवा तथा सुविधा प्रदान गर्ने निकाय/संरक्षण प्रदान गर्ने संस्थाहरुबाट प्रदत्त सेवा तथा सहयोग सम्बन्धी भए गरेका कामको प्रगति प्रतिवेदन लगायत स्थलगत रुपमा सम्पन्न गरिएको कार्यलाई सम्झनु पर्छ ।

(१५) "एकद्धार सङ्कट व्यवस्थापन केन्द्र" भन्नाले नेपाल सरकारका आधिकारीक अस्पतालमा लैङ्गिक हिंसा पिडित/प्रभावितका लागि एकद्धारबाट उपलव्ध हुने सेवा तथा सुविधा सहित सञ्चालनमा रहेको केन्द्र सम्झनु पर्छ।

## परिच्छेद दुई

## सेवा पुर्याउने क्षेत्रहरु/संस्थागत संरचना/ पुनःस्थापना कोषको व्यवस्था

**३. सेवा पुर्याउनुपर्ने क्षेत्र/व्यक्तिहरुः**

(१) नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने लैङ्गिक हिंसा पीडित तथा प्रभावित महिला तथा बालबालिकाहरुको पुनःस्थापनाका लागि आवश्यक सहयोग एवं सुविधा प्रदान गरिने छ ।

(२) देहाय बमोजिम सबै प्रकारका लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित व्यक्तिहरु लक्षित वर्ग भित्र रहनेछनः

क. सबै किसिमका लैङ्गिक हिंसाबाट प्रभावित व्यक्ति,

ख. लैङ्गिक हिंसाको जोखिमयुक्त परिस्थितिमा रहेका व्यक्ति,

ग. लैङ्गिक हिंसाबाट प्रभावित भई मानसिक स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएका कारणले घर वा सार्वजनिक स्थानमा अलपत्र अवस्थामा जीवन जीउन बाध्य जुनसुकै उमेर समूहका व्यक्तिहरु,

घ. मानव बेचविखन तथा ओसारपसारमा परी हिंसामा परेका महिला तथा बालबालिका,

ङ. लैङ्गिक हिंसा पीडित/प्रभावित एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिक महिला,

च. सशस्त्र द्वन्द्व तथा प्राकृतिक विपदका कारण हिंसामा परेका र पर्न सक्ने महिला तथा बालबालिका तथा अन्य,

छ. एच.आई.भी. तथा एड्सबाट सङ्क्रमित भै लैङ्गिक हिंसाबाट पिडित/प्रभावित बालबालिका, महिला, ज्येष्ठ नागरिक महिला

ज. यौनिक अल्पङ्ख्यक भएका व्यक्तिहरु ।

**४. लैङ्गिक हिंसा सल्लाहकार समितिः**

(१) लैङ्गिक हिंसा व्यवस्थापन समिति लाई थप सुझाव, सल्लाह र सहयोग प्रदान गर्नका लागि जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख संयोजक रहने गरी देहायका बमोजिमको एक सल्लाहकार समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) जिल्ला समन्वय समितिको प्रतिनिधि - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित भएको सल्लाहकार समितिमा आवश्यक्ता अनुसार जुनसुकै पालिकाका प्रमुख लाई आमन्त्रण गर्न सकिनेछ ।

**५. सल्लाहकार समितिको काम कर्तब्य र अधिकारः** सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(१) लैंङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको पुनःस्थापना सम्बन्धी कार्य गर्न लैंङ्गिक हिंसा निवारण व्यवस्थापन समितिलाई नीतिगत निर्देशन दिने ।

(२) लैङ्गिक हिंसा विरुद्धमा सञ्चालन गरिने रोकथाम, प्रवर्द्धन, सहयोग र हिंसा प्रभावितहरुको पुनःस्थापना सम्बन्धी भए गरेका कार्यहरुको स्थलगत अनुगमन गरी थप सुदृढीकरणका लागि व्यवस्थापन समितिलाई आवश्यक राय, सल्लाह र सुझाव दिने ।

(३) पुनःस्थापना कार्यका साथै दीर्घकालीन पुनःस्थापना केन्द्र निर्माणका लागि प्रदेश सरकार र संघीय सरकारसँग समन्वय र सहकार्यद्धारा थप श्रोत व्यवस्थापन गर्न सुझाव प्रदान गर्ने ।

**६. लैङ्गिक हिंसा निवारण व्यवस्थापन समितिः**

(१) लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्ति विशेषगरी महिला तथा बालबालिकाहरुको अधिकार संरक्षण, सम्बर्द्धन र न्यायिक निरुपणका लागि आवश्यक आर्थिक, प्राविधिक तथा मानवीय सहयोग उपलव्ध गराउन सहजता प्रदान गर्न, लैङ्गिक हिंसालाई शून्य सहनशीलताको नीति अवलम्बन गर्न, आवश्यक श्रोत साधन सङ्कलन तथा परिचालन गरी पुनःस्थापना केन्द्रको सञ्चालनमा मार्गनिर्देश गर्न, प्रदत्त सेवाहरूको गुणस्तर सुनिश्चित गर्न र विभिन्न सेवा-प्रदायक माझ सहकार्यलाई बढावा दिन, नगरपालिकाका उप-प्रमुखको संयोजकत्वमा तपसिलका पदाधिकारीहरु रहने गरी एक "लैङ्गिक हिंसा व्यवस्थापन समिति" गठन गरिने छ ।

(क) उपप्रमुख - संयोजक

(ख) जिल्ला न्यायधिवक्ता - सदस्य

(ग) मातहतका ईलाका प्रहरी कार्यालय प्रमुख - सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ङ) नगर उप-प्रमुखबाट मनोनित एक जना दलित महिला सहित दुई जना महिला कार्यपालिका सदस्य - सदस्य

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(च) नगर प्रमुखबाट मनोनित सामाजिक तथा राजनैतिक क्षेत्रमा क्रियाशील एकजना महिला सहित तीन जना व्यक्ति - सदस्य

(छ) लैङ्गिक हिंसा विरुद्धमा कार्य गर्ने तथा पुनःस्थापनाको क्षेत्रमा कार्यरत संस्थाका प्रमुखहरु (नगर प्रमुखले मनोनित गरेका) दुई जना - सदस्य

(ज) बार एसोसियसनको प्रतिनिधि - सदस्य

(झ) फरक क्षमताको प्रतिनिधित्व गर्ने एक जना (नगर उप-प्रमुख ले मनोनित गर्ने) - सदस्य

(ञ) जिल्ला कानुनी सहायता समिति प्रमुख - सदस्य

(ट) पत्रकार महासंघको प्रतिनिधि - सदस्य

(ठ) महिला तथा बालबालिका शाखा प्रमुख/सहायक - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित भएको व्यवस्थापन समितिमा आवश्यक्ता अनुसार जुनसुकै पालिकाका उपप्रमुख एवम् न्यायिक समितिका संयोजकलाई सदस्यता आमन्त्रण गर्न सकिनेछ ।

७. **व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकारः** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) लैंङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको मानव अधिकारको संरक्षण, सहयोग, न्यायमा पहुँच स्थापनाका साथै दिगो व्यवस्थापनमा सहयोग गर्ने ।

(२) लैंङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको दिगो पुनःस्थापनाका लागि थप आर्थिक श्रोतको व्यवस्थापन, जिल्लामा रहेका अन्य पालिकाहरुबाट समेत योगदानमा आधारित श्रोत सङ्कलन, व्यवस्थापन र परिचालनका साथै प्रभावितहरुलाई सेवाको सुनिश्चितता दिलाउन पहल गर्ने ।

(३) हिंसा पीडित तथा प्रभावितहरुको घटनाको प्रकृति र उमेर अनुसार कस्तो खालको सहयोग पुर्याउनुपर्ने हो, सो एकिन गर्ने र पुनःस्थापना सम्बन्धी निर्णय/कार्य गर्ने ।

(४) न्यूनतम मापदण्ड सहितको सुरक्षित आवास गृह र पुनःस्थापना केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी निर्देशिका तयार गर्ने ।

(५) सुरक्षित आवास गृह र पुनःस्थापना केन्द्रको छनौट गर्न निश्चित आधार एवं निर्देशिका तयार पार्ने र सोही बमोजिम छनौट प्रक्रियाको अवलम्बन गर्ने ।

(६) पुनःस्थापना सम्बन्धमा भए गरेका क्रियाकलापहरुको नियमित अनुगमनका साथै बार्षिक रुपमा समीक्षा गरी प्राप्त सुझाव र रायका आधारमा कार्यक्रम कार्यान्वयनमा सुधार गर्ने/गराउने ।

(७) लैङ्गिक हिंसा व्यवस्थापन समिति र अस्पतालमा सञ्चालनमा आएको एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (इऋःऋ) सँग आवश्यक समन्वय तथा सहकार्य गर्ने ।

(८) लैङ्गिक हिंसा अन्त्यका लागि शून्य सहनशीलता नीतिलाई व्यवहारिक रुपमा अबलम्बन गर्ने/गराउने कार्यका लागि वडा तहसम्म लैङ्गिक हिंसा निवारण वडा समितिको गठन, परिचालन र नगरको कानूनी मामिला शाखासँग समन्वय गरी वडा-वडामा कानुनी साक्षरता एवम् संरक्षण प्रणाली विषयमा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

(९) स्थानीय जनप्रतिनिधि लगायत वडा तहमा रहेका महिला निगरानी समूह, मेलमिलाप समितिका सदस्य, महिला सहकारी संस्था, टोल विकास संस्था, स्वास्थ्य स्वयम्सेविका एवम् सरोकारवाला निकाय, संस्था वा व्यक्तिहरुलाई आवश्यकतानुसार कानुनी सचेतना प्रवर्द्धन गर्ने ।

(१०) आर्थिक वर्षको अन्त्यमा भए गरेका उपलव्धी एवम् लैङ्गिक हिंसा निवारण कोष मार्फत भए गरेका खर्च विवरण सार्वजनिक गर्ने/गराउने तथा लेखापरिक्षण गराउने ।

(११) लैङ्गिक हिंसा सल्लाहकार समितिले दिएको निर्देशनको पालना गर्ने ।

(१२) लैङ्गिक हिंसा सम्बन्धी भए/गरेका कार्यप्रगति प्रतिवेदन हरेक तीन महिनामा सल्लाहकार समितिमा पेश गर्ने ।

(१३) अन्य लैङ्गिक हिंसासंग सम्बन्धित कार्य गर्ने/गराउने ।

**८. व्यवस्थापन समितिको कार्य सञ्चालन विधिः** व्यवस्थापन समितिको कार्य प्रक्रिया देहायानुसार हुनेछ ।

(१) व्यवस्थापन समितिको बैठक शुरुको ६ महिना सम्मका लागि मासिक रुपमा र त्यसपछि दुई-दुई महिनामा बस्नु पर्नेछ । तर, आवश्यकता अनुसार जुनसुकै समयमा पनि व्यवस्थापन समितिको बैठक बस्न सक्ने छ ।

(२) व्यवस्थापन समितिले सर्बसम्मतिका आधारमा निर्णय गर्नुपर्नेछ ।

(३) समितिले आवश्यकतानुसार बारा जिल्लाका अन्य पालिकाका प्रमुखहरुलाई आमन्त्रण गर्न कुनै बाधा पुग्नेछैन ।

**९. वडास्तरीय लैङ्गिक हिंसा निवारण समितिको गठनः** लैङ्गिक हिंसा लगायत समाजमा विद्यमान विभिन्न कुरीतिजन्य हिंसाको निवारण गर्न, लैङ्गिक हिंसाका कारण र निवारणका उपाय पत्ता लगाउन, वडा तहमा साविक महिला विकास कार्यक्रम अन्तर्गत गठन भएका महिला संस्था र लैङ्गिक हिंसा निगरानी समूह, किशोरी समूह, टोल विकास समिति, वडा क्लब तथा बालक्लबको परिचालन गरी "हरेक घर सम्मानित घर अभियान" का रुपमा लैङ्गिक हिंसा विरुद्धमा विविध गतिविधीहरु गर्न नगर क्षेत्रका सबै वडामा वडा अध्यक्ष्यको संयोजकत्वमा वडास्तरीय लैङ्गिक हिंसा निवारण समितिको गठन गरिनेछ । समितिमा निम्न पदाधिकारीहरु रहने व्यवस्था मिलाईएको छ ।

(१) सम्बन्धित वडाको वडा अध्यक्ष्य - संयोजक

(२) वडा अध्यक्ष्यले मनोनित गरेका वडा सदस्य मध्येबाट एक जना महिला - सदस्य

(३) वडा तहमा लैङ्गिक हिंसाका क्षेत्रमा कार्य गर्दै आएका महिला संस्था वा निगरानी समूह/गैसस/मेलमिलाप समिति मध्येबाट समितिले छनौट गरेका दुई जना - सदस्य

(४) वडा स्वास्थ्य संस्थाको प्रमुख - सदस्य

(५) वडास्तरीय क्लब/बालक्लबको अध्यक्ष/प्रतिनिधि - सदस्य

(६) नगर प्रमुखबाट मनोनित सामाजिक तथा राजनैतिक क्षेत्रमा क्रियाशील एक जना व्यक्ति - सदस्य

(७) फरक क्षमताको प्रतिनिधित्व गर्ने एक जना (नगर उप-प्रमुख ले मनोनित गर्ने) - सदस्य

(८) सम्बन्धित वडाको सचिव - सदस्य-सचिव

**१०. वडास्तरीय लैङ्गिक हिंसा निवारण समितिको काम/कर्तव्य र अधिकारः** वडास्तरीय लैङ्गिक हिंसा निवारण समितिको काम/कर्तव्य र अधिकार देहायानुसार हुनेछ ।

(१) समितिले लैङ्गिक हिंसा, महिला सुरक्षा, बालसंरक्षणका सवालका मुद्धाको सुनवाई र पैरवी गर्ने । समुदाय तहमा हिंसा अन्त्यका लागि सबै नागरिकहरुको छलफल, चासो, चिन्ता एवम् जागरुकता पैदा गर्ने/गराउने ।

(२) समितिले समुदायका शुभचिन्तक समेतको सहयोगमा वडा भित्र पारिवारिक परिवेशमा लुकेका घटना उजागर गरी रोकथामका उपायहरू अवलम्बन गर्न सहयोग पुऱ्याउने ।

(३) वडा तहमा लैङ्गिक हिंसा अन्त्यका लागि भएका कानुनी व्यवस्थाका बारेमा वृहत रुपमा कानुनी साक्षरता (सचेतना) प्रदान गर्ने व्यवस्था मिलाउने ।

(४) हिंसा प्रभावितको तत्काल संरक्षण, औषधोपचार एवम् न्यायिक निरुपणका लागि व्यवस्थापन समितिलाई सिफारिस गर्ने ।

(५) प्रभावित व्यक्तिलाई न्यायिक निकायबाट प्रदत्त हकको निर्बाध उपभोग गर्न आवश्यक सहयोग जुटाउने।

(६) पारिवारिक विखण्डन भएको तथा गरिखाने आधार केही पनि नभएका प्रभावित महिलाको हकमा पुनःस्थापना कोषबाट जीविकोपार्जन अनुदान दिलाउने प्रक्रियामा सहजीकरण गर्ने ।

## परिच्छेद तीन

## पुनःस्थापना कोषको व्यवस्था/पुनःस्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन

**११. पुनःस्थापना कोषको व्यवस्थाः** लैङ्गिक हिंसा पीडित तथा प्रभावित भएका र परिवारमा तत्काल पुनःस्थापना गर्न नसकिने लैंङ्गिक हिंसा पीडित तथा प्रभावित महिला तथा बालबालिकाको हकमा शिक्षा, स्वास्थ्य, कानुनी परामर्श सेवा, मनोसामाजिक

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

परामर्श सेवा, स्वरोजगार सिर्जना हुने खालका सिप तथा व्यवसायिक सिप विकास तालिमका साथै व्यवसाय स्थापना गर्न आर्थिक तथा प्रविधिक सहयोग उपलब्ध गराउने गरी दिगो पुनःस्थापना गर्न एक छुट्टै कोषको स्थापना र सञ्चालन गरिने छ । साथै देहायको प्रक्रिया अवलम्बन गरी पुनःस्थापना कोष सञ्चालनमा ल्याईने छः

(१) लैङ्गिक हिंसा निवारणका लागि एक एकीकृत कोष सञ्चालन हुनेछ ।

(२) पुनःस्थापना कोषका लागि प्रत्येक वर्ष नगरले निश्चित प्रतिशत रकम विनियोजन गर्ने व्यवस्थालाई निरन्तरता दिनेछ ।

(३) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त हुने लैङ्गिक हिंसा निवारण कोष अन्तर्गत प्राप्त रकम समेत यसै कोषमा राखिनेछ ।

(४) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्था/व्यक्ति वा समूहबाट समेत प्राप्त रकम कोषमा राखिनेछ ।

(५) पुनःस्थापना कोषको रकम लैङ्गिक हिंसा पीडित/प्रभावितको अल्पकालीन तथा दीर्घकालीन पुनःस्थापनाका लागि व्यवस्थापन समितिले स्वीकृत गरेको खर्चको मापदण्डका आधारमा पिडित/प्रभावितलाई खर्च उपलब्ध गराउने व्यवस्था मिलाउने छ ।

(६) कोषको रकम परिचालनका लागि छुट्टै खाता सञ्चालनमा ल्याइने छ । उक्त खातामा रहेको रकम प्रत्येक वर्ष आन्तरिक/अन्तिम लेखा परीक्षण गर्ने व्यवस्था मिलाइने छ ।

(७) पुनःस्थापना कोषमा सञ्चित रकमलाई पूर्ण रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

(८) समितिको सक्रियतामा बारा जिल्लाका अन्य पालिकाहरुसँग सहयोग, समन्वय र सहकार्य गरी पुनःस्थापना कोष स्थापना र सञ्चालन गर्न सबै पालिकाहरुको योगदानमा आधारित एकीकृत पुनःस्थापना कोष/दिर्घकालीन पुनःस्थापना केन्द सञ्चालन गर्न कुनै बाधा पुग्ने छैन ।

१२. पुनःस्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापनः सुरक्षित आवास गृह र पुनःस्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन र लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्तिहरुलाई अल्पकालीन तथा दिर्घकालीन आश्रयको व्यवस्था मिलाउन देहाय बमोजिमका कार्यहरु गरिनेछ ।

(१) आवश्यकताको आधारमा नगरको उपयुक्त स्थानमा साझेदार संघसंस्थाले सुरक्षित आवास गृह तथा पुनःस्थापना केन्द्र सञ्चालन गर्नेछ ।

(२) सुरक्षित आवास गृह र पुनःस्थापना केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड सहितको छुट्टै निर्देशिका व्यवस्थापन समितिले तयार गरी लागू गर्न सक्नेछ । निर्देशिका लागू नभएसम्म संघीय ऐन बमोजिम हुनेछ ।

(३) नगरपालिकाको आर्थिक तथा प्राविधिक सहयोग, समन्वय र सहकार्यमा स्थानीय गैर सरकारी संस्था तथा सामाजिक संघ/संस्था मार्फत हिंसा पिडित तथा प्रभावितका लागि सुरक्षित आवास गृह र पुनःस्थापना केन्द्रको स्थापना तथा सञ्चालन गर्नेछ ।

(४) लैङ्गिक हिंसा व्यवस्थापनको क्षेत्रमा निश्चित अनुभव बटुलिसकेका संस्थाहरुलाई नगरपालिकाको स्वीकृत निर्देशिका/कार्यविधि बमोजिम आवश्यकताका आधारमा सुरक्षित आवास गृह पुनःस्थापना केन्द्र सञ्चालन गर्न व्यवस्थापन समितिले अनुमति दिन सक्नेछ ।

(५) एउटै संस्थाले छुट्टाछुट्टै मापदण्डका आधारमा सुरक्षित अल्पकालीन आश्रय सेवा र दिर्घकालीन पुनःस्थापना केन्द्र सञ्चालन गर्न सक्ने छन्।

(६) सुरक्षित आवास गृहले ६ महिनासम्म पीडित तथा प्रभावितलाई राख्न सक्नेछ ।

(७) पीडित तथा प्रभावित व्यक्तिको आवश्यकता एवं औचित्यका आधारमा पुनःस्थापना केन्द्रमा संरक्षणका लागि समयावधि थप गर्नुपर्ने देखिएमा व्यवस्थापन समितिले निर्णय गर्न सक्नेछ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(८) सुरक्षित आवास गृह र पुनःस्थापना केन्द्रमा रहेका वा अन्य पीडित तथा प्रभावित व्यक्तिको निःशुल्क स्वास्थ्य उपचारका साथै एकीकृत सेवाको उपलव्धता अस्पतालमा रहेको एकद्धार सङ्कट व्यवस्थापन केन्द्रले प्रदान गर्नेछ ।

(९) व्यवस्थापन समितिले आवास गृह र पुनःस्थापना केन्द्र मापदण्ड अनुरुप सञ्चालन भए नभएको नियमित रुपमा अनुगमन गर्ने छ । अर्धवार्षिक रुपमा गृह र केन्द्र सञ्चालन कर्ता र व्यवस्थापन समितिले संयुक्त रुपमा समीक्षा गरी सुधारका योजना कार्यान्वयनमा ल्याउनेछ ।

(१०) जीविकोपार्जनका लागि सहयोग लैङ्गिक हिंसा पीडित/प्रभावितहरुमा भएको हिंसाको प्रकृति, हिंसाको गम्भिरता, परिवारको आर्थिक हैसियत, उमेर, शैक्षिक स्तर, पीडितका आफन्त र सहयोगी भए नभएको, आफन्त र सहयोगीबाट हुने आर्थिक सहयोग र संरक्षणको सम्भावना आदिका आधारमा पुनःस्थापनाको ढाँचा व्यवस्थापन समितिले निर्धारण गर्नेछ ।

**१३. आर्थिक तथा प्राविधिक सहयोगः** व्यवस्थापन समितिले लैङ्गिक हिंसा पीडित तथा प्रभावितको अवस्था बुझी देहायानुसारको सहयोग गरिनेछः

(१) हिंसा पिडितको अवस्था एवम् रुची अनुसार व्यवसाय वा जीविकोपार्जन गर्न बिउपुँजी (व्यवसाय स्थापना खर्च) को रुपमा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

(२) व्यवसायको प्रकृति हेरी समितिले आर्थिक सहयोगको मात्रा निर्धारण गर्नेछ ।

(३) पिडित तथा प्रभावितको जीविकोपार्जनका लागि प्रदान गरिने आर्थिक सहयोग सँगसँगै आवश्यकताको आधारमा सीप विकास तालिम, नियमित परामर्श सेवा उपलव्ध गराइनेछ, सो कार्यका लागि उपयुक्त नीजि संघ/सस्था, गैरसरकारी तथा सरकारी निकायँग समन्वय र सहकार्य गरिनेछ ।

**१४. विद्यालय शिक्षा तथा प्राविधिक/व्यवसायिक शिक्षाः** व्यवस्थापन समितिद्वारा लैङ्गिक हिंसा पीडित तथा प्रभावित बालबालिका, महिला तथा ज्येष्ठ नागरिकलाई रुची तथा आवश्यक्ता अनुसार देहायानुसारको शिक्षा तथा वृत्ति विकासको व्यवस्था गरिनेछ ।

(१) पीडित तथा प्रभावितको उमेर एवं रुचीका आधारमा विद्यालय तथा प्राविधिक शिक्षा उपलब्ध गराइनेछ ।

(२) बालबालिका तथा किशोरीको हकमा सामुदायिक एवम् नीजि विद्यालयमा १२ कक्षा सम्मको शिक्षा उपलब्ध गराईनेछ । सो कार्यको लागि जिल्ला स्थित सामुदायिक एवम् नीजि विद्यालयहरुसँग समन्वय गरिनेछ ।

(३) पीडितको शैक्षिक स्तर एवम् रुचीका आधारमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम उपलब्ध गराईनेछ । साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम छनौट गर्दा बजारको माग एवम् वृत्ति विकासका अवसरहरुलाई ध्यानदिनु पर्नेछ ।

**१५. सहकारी संस्था वा सञ्जाल निर्माणः** लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्तिहरु संलग्न गरि देहायानुसारको कार्य गरिनेछः

(१) लैङ्गिक हिंसा पिडित/प्रभावितहरुको सहकारी संस्था निर्माण, प्रवर्द्धन एवं सोको सुदृढीकरण लागि आवश्यक्ता अनुसार आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

(२) लैङ्गिक हिंसा पिडित/प्रभावितहरुको सहभागिता, उनीहरुको अधिकारको संरक्षण, पुनःस्थापना तथा व्यवस्थापनमा सहयोग गरिनेछ ।

(३) वडा तह एवम् सरकारी निकाय/संस्थाहरुलाई जवाफदेही बन्न सञ्जाल निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

(४) सहकरी संस्था तथा सञ्जाललाई सरकारी, गैरसरकारी र नीजि क्षेत्रसँग सम्बन्ध स्थापित गराईनेछ ।

**१६. दीर्घकालीन पुनःस्थापना केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापनः**

(१) नगरपालिकाले ५० जना सम्म अट्न सक्ने क्षमताको सुविधा सम्पन्न दीर्घकालीन पुनःस्थापना केन्द्रको भवन निर्माणका लागि उपयुक्त स्थान पहिचान गरिनेछ ।

(२) संघीय तथा प्रादेशिक सरकारको प्रत्यक्ष सहयोगमा सुविधा सहितको भवन निर्माण गर्ने कार्यमा सल्लाहकार समिति र व्यवस्थापन समितिको सक्रियता रहनेछ ।

## परिच्छेद चार
## विविध

१७. बाधा अडकाउ फुकाउः यो कार्यविधि कार्यन्वयनको सिलसिलमा कुनै द्विविधा, अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन नगर प्रमुखले कार्यपालिकाको बैठकबाट अनुमोदन हुने गरी फुकाउन सक्नेछन ।

१८. संसोधनः यस कार्यविधिलाई लैङ्गिक हिंसा निवारण सल्लाहकार समितिको राय सुझावका आधारमा नगर कार्यपालिकाले आवश्यक्ता अनुसार थपघट तथा संसोधन गर्न सक्नेछ ।

आज्ञाले,
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका